अनुसूची २

# नेपाल सरकार
## उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
## व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र
## पुल्चोक , ललितपुर ।

## India International Trade Fair (IITF) , 14–27 Nov, 2022
## नयाँ दिल्ली, भारतमा सहभागिता सम्बन्धि सूचना ।

(मिति : २०७९/७/३ गते)

आगामी 14–27 November, 2022 (कात्तिक २८ देखि मंसिर ११, २०७९) सम्म भारतको राजधानी, नयाँ दिल्लीको प्रगति मैदानमा आयोजना हुने India International Trade Fair (IITF,2022) मा निःशुल्क स्टल वाहेक सहभागिताका लागि आयोजकबाट मेलामा सहभागिता सम्वन्धी शर्त र केन्द्रले तय गरेका मापदण्ड पालना गर्ने गरी लाग्ने सम्पूर्ण खर्च आफैले व्यहोर्ने गरि भाग लिन ईच्छुक कानून बमोजिम रीत पुगेका विगतमा यस मेलामा केन्द्रबाट आफ्ना उत्पादन तथा वस्तुहरुको वजारीकरण प्रवर्द्धनका लागि निःशुल्क स्टल (वुथ) प्राप्त गरी सहभागिता जनाई सकेका वाहेक उद्योग/फर्म/कम्पनी/संघ संस्थाहरुबाट सहभागिताको लागि मिति २०७९/७/१५ गते सम्म केन्द्रमा कार्यालय समय भित्र दर्ता हुने गरी यो सूचना प्रकाशित गरिएको छ। साथै यस सम्वन्धी विस्तृत जानकारीको लागि कार्यालय समय भित्र सम्पर्क गर्न हुन वा केन्द्रको वेवसाईट www.tepc.gov.np मा हेर्न हुन अनुरोध गरिन्छ ।

बजार प्रवर्द्धन महाशाखा
मेला तथा प्रदर्शनी शाखा
सम्पर्क नम्वर: ०१५५२५८०८, ५२५५३४८

अनुसूची १

# India International Trade Fair (IITF) Nov. 14-27, 2022, New Delhi, India

## सहभागी छनौट सम्बन्धी मापदण्ड २०७९

नेपालवाट भारतमा निकासी भई रहेका र उच्च निकासी सम्भावना भएका तथा नेपालको मौलिक पहिचान समेतको प्रवर्द्धन एवं बजारीकरणको लागि भारतीय अन्तर्राष्ट्रिय व्यापार मेला मा सहभागिता छनौट सम्वन्धी मापदण्ड ।

१ नेपालको प्रचलित कानून बमोजिम दर्ता भएको उत्पादक, निकासीकर्ता, व्यवसायी, फर्म, संघ/संस्था हुनु पर्ने छ ।

२ नेपाल सरकारलाई नियम अनुसार कर आ.व. २०७७/७८ को भुक्तानी गरी कम्पनी नवीकरण भएको हुनु पर्ने छ ।

३ विगतमा यस व्यापार मेलामा नेपालको तर्फवाट सहभागिता गरी आफ्ना उत्पादन तथा वस्तुहरुको प्रवर्द्धनका लागि केन्द्रवाट उपलब्ध गराएको स्टल (वुथ) मा अवसर प्राप्त भएका सघ/संस्था, व्यक्ति, कम्पनीहरुलाई दोहऱ्याएर निवेदकको रुपमा समावेश गराईने छैन ।

४ मेलामा सहभागिता गर्दा केन्द्र संग मेलामा सहभागिता अथवा छनौट भई सके पछि सहभागिता नभएको खण्डमा प्रतिवद्धता जनाई केन्द्रवाट सहभागिताको सिलसिलामा भएका सम्पूर्ण खर्च तिर्ने लगायत अन्य कानून वमोजिमको व्यवस्थाको पालना गर्ने प्रतिवद्धता जनाउन पर्ने छ ।

५ आयोजकले मेला सम्वन्धी लागु गरेको सम्पूर्ण शर्त तथा व्यवस्थाको पालना गर्नु पर्ने छ ।

६ उक्त मेलामा छनौट भई सहभागी हुने उत्पादक, निकासीकर्ता, व्यवसायी, फर्म, कम्पनी, संघ/संस्थाले मेलामा लैजाने माल वस्तुहरुको Invoice र Packing List केन्द्रमा पेश गर्नु पर्ने छ । सोलाई केन्द्रले छनौट गरेको कार्गो/भन्सार एजेण्ट मार्फत सम्पूर्ण खर्च, कर भन्सार सम्वन्धी प्रक्रिया सहभागिले व्यहोर्ने गरी मेला स्थलमा पुऱ्याउनु पर्ने छ ।

७ मेलामा जादाँ हुने कुनै पनि प्रकारको प्राकृतिक तथा दैविक घटना एवं दुर्घटना भएमा स्वयम जिम्मेवार हुने रहने छ । केन्द्रले कुनै दायित्व वहन गर्ने छैन ।

८मेलामा विक्री तथा प्रदर्शनीको लागि लगिएका माल वस्तु विक्री नभएमा सम्वन्धीत पक्षले नै उक्त माल वस्तुहरु आफै फिर्ता ल्याउने व्यवस्था गर्नु पर्ने छ ।

९. केन्द्रले स्टल/वुथको वाहेक अन्य आर्थिक दायित्वको जिम्मेवारी वहन गर्ने छैन । स्टल/वुथको लागि केन्द्रवाट आयोजकलाई भुक्तानीबाट प्राप्त हुने सुविधा वाहेक अन्य सम्पूर्ण खर्च सहभागिले व्यहोंन पर्ने छ ।

१० मेला समापन भई सके पछि अनिवार्य रुपमा मेलामा सहभागिता जनाउने उद्योग, फर्म/कम्पनी, संघ संस्थाले मेलामा भएको आर्थिक कारोवार सहितको प्रगति प्रतिवेदन ३५ दिन भित्रअनिवार्य केन्द्रमा वुझाउनु पर्ने छ ।

११ राष्ट्रको गौरव र गरिमा वढाउने गरी मेलामा सहभागिता गर्ने र मेला अवधी भरी आफुले प्राप्त गरेको स्टल(वुथ) को मात्र प्रयोग गर्नु पर्ने छ ।

१२ कुनै पनि प्रकारको गैर कानूनी कार्यमा संलग्न भएमा जुनसुकै वेला केन्द्रको कर्मचारीले आफ्नो वुथवाट हटाउन सक्ने छ ।

१३ सहभागिता गर्दा आपसी सहयोगी एवं मित्रतापूर्ण भावनाको रुपमा सहभागिता गरी कार्य सम्पन्न गर्नु पर्ने छ ।

१५ मेलामा वढी भन्दा वढी B2B Meeting लाई प्राथमिकता दिने र मागलाई ध्यान दिई मेलामा सहभागिता गर्नु पर्ने छ ।

१७ उल्लेखित मापदण्डहरुलाई नेपाली सहभागिहरुले पूर्ण पालना गर्नु पर्ने छ । मापदण्डहरुको विपरीत कार्य गरेमा केन्द्रवाट प्राप्त गर्ने अवसरहरुवाट भविष्यको लागि वञ्चित गरिने छ ।

१८ सहभागिहरुको छनौटको अन्तिम अधिकार केन्द्रमा निहित हुने छ ।